## *कम्पनी अध्यादेश, २०६२ अन्तर्गत संस्थापित*

## सिद्धार्थ ~~बहुमुखी क्याम्पस~~ प्राइभेट लिमिटेड

मल्टिपल कलेज

## को

## नियमावली

**१. कम्पनीको नाम :-**

यस कम्पनीको नाम "सिद्धार्थ ~~बहुमुखी क्याम्पस~~ प्रा.लि." (SIDDHARTHA MULTIPLE COLLEGE PVT. LTD.) हुनेछ।

**२. कम्पनीको रजिष्टर्ड कार्यालय :-**

कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौं जिल्ला का.म.न.पा. वडा नं. १४ बाफलमा रहनेछ।

**३. कम्पनीको उद्देश्य :-**

कम्पनीको उद्देश्य प्रवन्धपत्रको दफा ३ मा उल्लेख भए बमोजिम हुनेछ।

**४. साधारण सभा सम्बन्धित व्यवस्था :-**

यस नियमावलीमा उल्लेख भए बमोजिम कम्पनीको साधारण सभा हुनछे।

**५. कम्पनीको सभा बोलाउने तरिका र सभाका लागि दिनुपर्ने सूचना सम्बन्धित कुराहरु :-**

१) यस कम्पनीको साधारण सभा देहाय बमोजिम हुनेछन् :-

क) वार्षिक साधारण सभा र

ख) सवशेष साधारण सभा

२) यस कम्पनीको प्रथम वार्षिक साधारण सभा संस्थापन भएको मितिले १२ महिनाभित्रमा गरिनेछ र त्यसपछिका वार्षिक साधारण सभाहरु आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र गरिनेछ।

३) यस कम्पनीको वार्षिक साधारण सभा गर्नका लागि संचालक समिति को बहुमतले निर्णय गरी संचालक समितिको अध्यक्षले कम्तीमा १२ दिन अगावै र विशेष साधारण सभा गर्नका लागि कम्तीमा १५ दिन अगावै सभा हुने ठाउँ, मिति र छलफल गर्ने विषय खोली सबै शेयर वालालाई सूचना दिइने छ।

४) उपनियम (३) बमोजिम अध्यक्षले संचालक समितिको बैठक गराई साधारण सभा नबोलाएमा वा अध्यक्षले आफ्नो कर्तव्य पालना नगरी सम्पर्क विहिन भएमा वा निज लगातार छ महिनाभन्दा बढि देश बाहिर बसेमा वा निज शारीरिक रुपमा अशक्त भै साधारण सभामा उपस्थित हुन नसकने अवस्था वा अन्य कुनै कारणले संचालक समितिको बैठक बस्न नसकेमा संचालक समितिको कम्तीमा एकाउन्न प्रतिशत संचालक उपस्थित भै उल्लिखित कारण खुलाई साधारण सभा बोलाउने निर्णय गर्न सक्नेछन् । यसरी गरिएको निर्णयको सम्बन्धमा शेयरधनीलाई सूचना गरिनेछ । यसरी बस्ने संचालक समितिको बैठक र साधारण सभाको अध्यक्षता शेयरधनीहरुको आपसी निर्णयबाट गरिनेछ ।

५) उपनियम (३) र (४) बमोजिम वोलाइएको साधारण सभामा नियम ६ बमोजिमको गणपूरक संख्या नपुगी सभा हुन नसकेमा कम्तीमा ३ दिनको म्याद दिई पुनः साधारण सभा वोलाइनेछ ।

६) कम्पनी अध्यादेशको दफा १४९ मा उल्लिखित प्रक्रियाबाट आवश्यकता अनुसार कम्पनीको साधारण सभाको काम कारबाही हुन सक्ने छ ।

७) आवश्यकता अनुसार कम्पनीको साधारण सभा नेपाल अधिराज्य बाहिर पनि गर्न सकिने छ ।

## ६. गणपूरक संख्या :-

१) कूल शेयर संख्याको ६१ प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरवालाहरु मध्ये २ जना शेयरवालाहरु स्वयं वा आफ्नो प्रतिनिधि (प्रोक्सी) द्वारा उपस्थित नभई साधारण सभाको काम कारबाही हुने छैन ।

तर नियम ४ को उपनियम (५) मा उल्लेख भए बमोजिम पुनः बोलाईएको साधारण सभामा कूल शेयर संख्याको ५१ प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी २ जना शेयरवालाहरु स्वयं वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित भएमा सभा गर्न बाधा पर्ने छैन ।

२) उपनियम (१) बमोजिम बोलाइएको दोस्रो पटकको साधारण सभामा पनि गणपूरक संख्या नपुगी गतिरोध उत्पन्न भै कम्पनीको कार्य सुचारु रुपले संचालन गर्न नसकिने व्यहोरा उपस्थित शेयरधनीहरुलाई महसुस भएमा निजहरुले यस प्रकारको गतिरोधको अन्त्य गरी कम्पनीलाई सुचारु रुपले संचालन गर्न कसरी सकिन्छ सो बारे छलफल गरी उपयुक्त समाधान बारे निर्णय गर्न सक्नेछन् । यसरी गरिएको निर्णयलाई कार्यान्वयन गर्नु अघि कम्पनीले रजिष्ट्रार समक्ष स्वीकृतिको लागि निवेदन दिनु पर्नेछ ।

३) उपनियम (२) बमोजिम कम्पनीबाट निवेदन पर्न आएमा रजिष्ट्रारले कम्पनीको यथार्थ स्थिति बारे छानबीन गरी कम्पनीले प्रस्तुत गरेको विकल्पलाई स्वीकृति दिने वा अन्य उपयुक्त विकल्प अवलम्वन गर्न निर्देशन दिन सक्नेछ ।

## ७. साधारण सभाको कार्यविधि :-

१) साधारण सभाको अध्यक्षता संचालक समितिको अध्यक्षले गर्नेछ ।

२) संचालक समितिको अध्यक्ष अनुपस्थित भएमा उपस्थित शेयरधनीहरु मध्येबाट छानिएका शेयरधनीले सभाको अध्यक्षता गर्नेछ ।

३) सभा शुरु हुनुअघि सभाको वैधता बारे छलफल गरी गणपूरक संख्या पुगे वा नपुगेको यकीन गर्नु पर्नेछ ।

४) गणपूरक संख्या पुगेको पाइएमा सभा विधिवत् संचालन गर्न अध्यक्षले अनुमति दिनेछ ।

५) सभामा छलफल गरिने प्रत्येक विषय (एजेण्डा) प्रस्तावको रुपमा प्रस्तुत हुनेछ र प्रत्येक प्रस्तावमा छलफल गरिनेछ । अध्यक्षले अनुमति दिएकोमा बाहेक एउटा प्रस्तावमा निर्णय नभईञ्जेल अर्को प्रस्तावमा प्रवेश गरिने छैन ।

६) सभाको निर्णय बहुमतको आधारमा हुनेछ ।

७) सभामा मत बराबर भएमा अध्यक्षको मत निर्णायक हुनेछ ।

८) जम्मा शेयर पूँजीको ७५ प्रतिशत शेयरको प्रतिनिधत्व गर्ने शेयरधनीहरुले अनुमती दिएमा बाहेक सभाको सूचनामा उल्लेख नगरिएको अन्य विषय (एजेण्डा) मा छलफल र निर्णय गरिने छैन ।

९) कुनै विषयमा शेयरधनीहरुको मत संकलन गर्नु पर्ने भएमा सभाको अध्यक्षले तोकेको प्रक्रिया अनुसार मत संकलन गरिनेछ ।

## ८. प्रोक्सी मत सम्बन्धि व्यवस्था :-

१) कुनै शेयरधनी स्वयं सभामा उपस्थित हुन नसकी प्रतिनिधि नियुक्त गर्नुपर्दा कम्पनीको शेयरधनी वा अरुलाई प्रतिनिधि नियुक्त गर्न सक्नेछ ।

२) एकभन्दा बढि व्यक्तिहरुले साझा शेयर लिएको भएमा त्यस्तो व्यक्तिले सभामा भाग लिने बारेमा अध्यादेशको दफा ७१ को उपदफा (४) मा उल्लिखित व्यवस्था लागू हुनेछ ।

३) कुनै शेयरधनी कम्पनीको सभामा स्वयं उपस्थित हुन नसकी कम्पनीको शेयरधनी बाहेक अन्य कसैलाई प्रतिनिधि नियुक्त गरेको भए यस्तो व्यक्ति प्रचलित कानून बमोजिम करार गर्न योग्य व्यक्ति हुनु पर्नेछ ।

९. **मतदान गर्ने अधिकार :-**

१) कम्पनी अध्यादेश, २०६२ वा यस नियमावलीमा अन्यथा लेखिएकोमा वाहेक प्रत्येक/शेधरधनीलाई आफूले लिएको प्रत्येक शेयर वापत एउटा मत दिने अधिकार हुने छ ।

२) कम्पनी हाल फरक मताधिकार भएका शेयरहरु जारी गरिएको अवस्था छैन ।

१०. **विशेष साधारण सभा सम्बन्धी कार्यविधि :-**

कम्पनीको साधारण सभाबाट प्रस्ताव पारित गरी गर्नुपर्ने कामका लागि तत्काल वार्षिक साधारण सभा वोलाई निर्णय गर्न सम्भव नभएमा कम्पनीको विशेष साधारण सभा बोलाउन सकिने छ । वार्षिक साधारण सभाको कार्यविधि नै विशेष साधारण सभाको कार्यविधि हुनेछ । तर विशेष साधारण सभामा पूर्व निर्धारित विषय वाहेक अन्य विषयमा छलफल गरिने छैन ।

११. **साधारण सभामा पेश गर्ने अन्य विषय :-**

कम्पनी अध्यादेश-२०६२ बमोजिम कम्पनीको साधारण सभाबाट पारित गरिनु पर्ने गरी निर्धारित गरिएका विषयका अतिरिक्त संचालक समितिले साधारण सभामा छलफल र निंर्णय हुन उपयुक्त छ भनि निर्णय गरेका अन्य कुनैपनि विषय साधारण सभामा पेश गरिने छ ।

१२. **विशेष प्रस्ताव सम्बन्धि व्यवस्था :-**

कम्पनीको साधारण सभामा निर्णय लिनका लागि देहायका विषयहरुमा विशेष प्रस्ताव पेश गरीने छ ।

(क) अधिकृत पूँजी बढाउने सम्बन्धी विषय ।

(ख) शेयर पूँजी घटाउने वा हेरफेर गर्ने सम्बन्धी विषय ।

(ग) कम्पनीको नाम वा मुख्य उद्देश्य परिवर्तन गर्ने सम्बन्धी विषय ।

(घ) कम्पनीलाई अर्को कम्पनीमा गाभ्ने सम्बन्धी विषय ।

(ङ) बोनस शेयर जारी गर्ने सम्बन्धी विषय ।

(च) आफ्नो शेयर आफै खरिद गर्ने सम्बन्धी विषय ।

(छ) डिस्काउण्टमा शेयर विक्री गर्ने सम्बन्धी विषय ।

(ज) कम्पनीलाई पब्लिक कम्पनीमा परिणत गर्ने सम्बन्धी विषय ।

(झ) कम्पनी अध्यादेश - २०६२ ले विशेष प्रस्ताव पारित गर्नु पर्ने भनी व्यवस्था गरेका अन्य विषय ।

**१३. संचालकको नियुक्ति/निर्वाचन सम्बन्धि व्यवस्था :-**

कम्पनी संचालनार्थ संचालक समिति रहने छ । जसमा रहने संचालकको नियुक्ति वार्षिक साधारण सभाबाट गरिने छ । प्रथम वार्षिक साधारण सभा नभएसम्म संस्थापक नैं कम्पनीका संचालक हुनेछन् ।

**१४. संचालकको योग्यता सम्बन्धि व्यवस्था :-**

नियम २१ मा उल्लेखित संख्याको शेयर आफ्नो नाममा लिएको र कम्पनी अध्यादेश २०६२ को दफा ८९ तथा अन्य प्रचलित नेपाल कानून बमोजिम कम्पनीको संचालक हुन अयोग्य नभएको व्यक्ति मात्र यस कम्पनीको संचालकको पदमा नियुक्त हुन सक्नेछ ।

**१५. पुन: संचालक हुन सक्ने वा नसक्ने :-**

एक पटक संचालक भैसकेको व्यक्ति कम्पनीको संचालकमा पुनः नियुक्त हुन सक्ने छ ।

**१६. संचालकले लिन पाउने सुविधा :-**

कम्पनीको कुनै संचालकले कुनै विशेष सुविधा पाउने गरी व्यवस्था गरिएको छैन ।

**१७. संचालकले आफ्नो अधिकार प्रत्यायोजन गर्न सक्ने वा नसक्ने :-**

संचालक समितिको बैठकमा उपस्थित भई भाग लिने अधिकार वाहेक आफ्नो अन्य अधिकार संचालकले कुनैपनि व्यक्ति/कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**१८. प्रवन्ध संचालक सम्बन्धि व्यवस्था :-**

संचालकहरुले आफूमध्येबाट एक जनालाई प्रवन्ध संचालक नियुक्त गर्न सक्ने छन् ।

**१९. प्रवन्ध संचालकको काम, कर्तव्य र अधिकार :-**

(क) कम्पनीको तर्फबाट दैनिक कार्य संचालन गर्नु,

(ख) संचालक समितिले तोके बमोजिमको कार्य गर्नु,

**२०. वैकल्पिक संचालक : -**

यस कम्पनीमा वैकल्पीक संचालकको व्यवस्था गरिएको छैन ।

२१. **संचालक हुन लिनुपर्ने न्युनतम शेयर संख्या** :-

१) यस कम्पनीको संचालकको पदमा नियुक्त हुनको लागि आफ्नो नाममा कम्पनीको शेयर लिएको हुनु पर्ने छ ।

२) संचालक हुन आफ्नो नाममा शेयर लिनु पर्ने न्यूनतम शेयर संख्या २०० (दुई सय) कायम गरिएको छ ।

तर संगठित संस्थाको प्रतिनिधित्व गर्ने संचालकको हकमा यो व्यवस्था लागू हुने छैन ।

२२. **संचालक समितिको बैठक सम्बन्धि व्यवस्था** :-

१) संचालक समितिको बैठक आवश्यकता अनुसार बस्ने छ ।

२) संचालकहरु लिखितरुपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णयको विवरणको रुपमा अभिलेख कायम गरी त्यस्तो सहमति बमोजिमको काम संचालक समितिको वैठक विना पनि गर्न सकिने छ ,

३) संचालक समितिको वैठकको सूचना संचालकले उल्लेख गरेको ठेगानामा लिखितरुपमा वा विद्युतिय संचार माध्यमबाट पनि दिन सकिने छ ।

२३. **संचालक समितिको बैठक कसले बोलाउने हो सो कुरा उल्लेख गर्ने** :-

संचालक समितिको वैठक अध्यक्ष द्वारा वोलाइने छ ।

२४. **संचालकको संख्या र कार्यकाल** :-

(१) संचालकहरुको नियुक्ति वार्षिक साधारण सभाबाट हुनेछ ।

(२) यस कम्पनीमा ३ (तीन) जनाको संचालक समिति हुनेछ ।

(३) संचालकहरुको कार्यकाल ३ (तीन) वर्ष हुनेछ ।

(४) कुनै कारणंले कुनै संचालकको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि संचालकको नियुक्ति जुन प्रक्रियाबाट पहिले संचालक नियुक्त भएको थियो सोही प्रक्रियाबाट गरिने छ । कुनै संचालकको पद वीचमा रिक्त भएमा नयाँ नियुक्त भएको संचालकको कार्यकाल रिक्त भएको संचालकको बाँकी कार्यकाल सम्मका लागि मात्र हुनेछ ।

२५. **संचालक समितिको बैठक सम्बन्धि थप व्यवस्था** :-

१) संचालक समितिको बैठक आवश्यकता अनुसार नियम २३ मा लेखिएको अधिकारीले बोलाउने छ । त्यसरी बैठक नवोलाएमा कूल संचालक संख्याको पच्चीस प्रतिशत

संचालकहरुले माग गरेमा त्यस्तो अधिकारीले पन्ध्र दिनभित्र संचालक समितिको बैठक बोलाउनु पर्नेछ । यसरी माग गर्दा पनि बैठक नबोलाएमा सो कुरा खुलाई कार्यालयमा संचालक समितिको बैठक बोलाउन निवेदन दिन सकिनेछ । यसरी निवेदन प्राप्त भएपछि कार्यालयले सो उपर छानबीन गरी अध्यक्षले बैठक नबोलाएको पाइएमा कार्यालयले कम्तीमा एकाउन्न प्रतिशत संचालकको उपस्थिति हुने गरी बैठक बस्न अनुमति दिन सक्नेछ ।

२) संचालक समितिको बैठकमा संचालकहरु स्वयं उपस्थित हुनपर्नेछ ।

३) संचालकहरुको कूल संख्याको कम्तीमा एकाउन्न प्रतिशत संचालकहरु उपस्थित नभई संचालक समितिको बैठक हुने छैन ।

तर गणपूरक संख्या नपुगी संचालक समितिको बैठक हुन नसकेमा अध्यादेशको दफा ९७ को उपदफा (५) को व्यवस्था लागू हुनेछ ।

४) संचालक समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितिमा बैठकमा उपस्थित संचालकहरुले आफूमध्येबाट छानेको संचालकले अध्यक्षता गर्नेछ ।

५) संचालक समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

६) संचालक समितिको बैठकमा छलफल भएको विषय र तत्सम्बन्धमा भएको निर्णयको विवरण (माइन्यूट) छुट्टै किताबमा लेखी राख्नु पर्नेछ र सो निर्णय विवरणमा बैठकमा उपस्थित सम्पूर्ण संचालकहरुमध्ये कम्तीमा ६० प्रतिशत संचालकले सही गर्नु पर्नेछ ।

७) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संचालक समितिले गर्न पाउने कुनै कामको सम्बन्धमा संचालक समितिका सबै सदस्यहरु लिखित रुपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय पुस्तिकामा संलग्न गरी त्यस्तो काम बैठक बिना पनि गर्न सकिनेछ । त्यस्तो सहमतिलाई संचालक समितिको बैठकको निर्णय सरह मानिनेछ ।

## २६. साधारण सभा तथा संचालक समितिको निर्णयको अभिलेख र त्यसको प्रतिलिपी तथा निरीक्षण सम्बन्धि व्यवस्था :-

१) साधारण सभा तथा संचालक समितिको निर्णयको अभिलेख यस नियमावलीमा उल्लिखित व्यवस्था अनुसार निर्णय पुस्तिका (माइन्यूट बुक) मा लेखी हस्ताक्षर समेत गराई राख्नु पर्नेछ ।

२) कम्पनीका निर्णयहरु शेयरधनीहरुले हेर्न चाहेमा कार्यालय समयभित्र देखाउनु पर्नेछ । निर्णयको प्रतिलिपी आवश्यक परी शेयरधनीबाट माग भएमा रु. १००/- को दस्तुर लिई कम्पनीले प्रतिलिपी प्रमाणित गरी दिनु पर्नेछ ।

२७. **संचालक समितिको अधिकार र कर्तव्यहरु :-**

१) कम्पनी अध्यादेश - २०६२ मा लेखिएका कुराहरु र साधारण सभाले गरेको निर्णयको अधिनमा रही कम्पनीको सम्पूर्ण कारोबारको व्यवस्थापन समेत संचालक समितिले गर्नेछ ।

२) संचालक समितिले आफू मध्येका कुनै संचालकलाई वा कम्पनीको कुनै कर्मचारीलाई एक्लै वा संयुक्त रुपमा कम्पनीको तर्फबाट कुनै पनि काम कारवाही गर्न, लेखापढी गर्न, विनिमय अधिकार पत्र वा चेक आदिमा सहिछाप गर्न समेत सबै वा केही अधिकार प्रत्यायोजन गर्न सक्ने छ ।

तर शेयर रकमको भुक्तानी माग गर्ने, डिवेन्चर जारी गर्ने, अन्य ऋण सापटी लिने, कोषको रकमको लगानी गर्ने, ऋण दिने अधिकारहरु प्रत्यायोजन गर्न मिल्ने छैन ।

२८. **प्रमुख कार्यकारी अधिकृत :-**

प्रमुख कार्यकारी अधिकृत सम्बन्धी व्यवस्था गरिएको छैन ।

२९. **शेयरको अंकित मूल्य सम्बन्धि व्यवस्था :-**

यस कम्पनीको शेयरको अंकित मूल्य १००/- हुनेछ ।

३०. **शेयरधनी वाहेकको अन्य कुनै व्यावसायिक व्यक्तिलाई संचालकमा नियुक्ति :-**

यस सम्बन्धी कुनै व्यवस्था गरिएको छैन ।

३१. **शेयरमा लियन रहेको कुरा :-**

कम्पनी अध्यादेशको दफा ५२ मा उल्लिखित अवस्था कुनै शेयरधनीको नाममा दर्ता भएको शेयरमा कम्पनीको लियन वा दावी रहनेछ ।

३२. **विभिन्न वर्गका शेयरहरु शेयरको वर्ग र हक तथा वन्देजहरु :-**

यस सम्बन्धी कुनै व्यवस्था गरिएको छैन ।

३३. **शेयर वापतको रकमको भुक्तानीको माग तथा शेयर जफत सम्बन्धि व्यवस्था :-**

कम्पनीको आवश्यकतानुसार कम्पनीले शेयर वापतको रकमको भुक्तानी माग गर्नेछ ।शेयर वापतको रकमको भुक्तानी तथा शेयर जफत सम्बन्धि अन्य कुरा अध्यादेशको दफा ५३ मा गरिएको व्यवस्था अनुसार हुनेछ ।

नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय

३४. **शेयर हस्तान्तरण सम्बन्धि व्यवस्था :-**

१) कम्पनीको कुनै शेयरधनीले संचालक समितिको पूर्व स्वीकृति लिई आफ्नो शेयर अर्को व्यक्तिलाई बिक्री गरेमा शेयर खरीद गर्ने व्यक्तिले त्यस्तो शेयर दाखिल खारेज गर्नको निमित्त नेपाल राजपत्रमा प्रकाशित सूचनामा तोकिएको ढाँचामा दस्तुर, शेयर खरीद बिक्रीसँग सम्बन्धित लिखित र शेयरको प्रमाण-पत्र सहित कम्पनीको रजिष्टर्ड कार्यालयमा निवेदन दिनु पर्नेछ ।

२) उपनियम (१) बमोजिम निबेदन परेमा कम्पनीले प्रवन्धपत्रको दफा ७ को अधिनमा रही दर्ता कितावमा साविक शेयरवालाको नाम खारेज गरी हालको शेयरवालाको नाम दर्ता गर्नेछ ।

३५. **शेयर बिक्री सम्बन्धि व्यवस्था :-**

१) यस कम्पनीका कुनै शेयरधनीले आफ्नो सबै वा केही शेयर बिक्री गर्न चाहेमा सो कुरा निजले संचालक समितिलाई निवेदन दिनु पर्नेछ ।

२) उपनियम (१) बमोजिम निवेदन पर्न आएमा संचालक समितिले तोकेको अन्य शेयरधनीलाई बिक्री गर्न वा निजले खरीद नगरेमा अर्को कुनै व्यक्तिलाई बिक्री गर्न सक्ने स्वीकृति दिनेछ ।

३) संचालक समितिको स्वीकृति प्राप्त भएपछि त्यस्ता शेयरधनीले छ महिनाभित्र बिक्री गर्न प्रस्ताव गरिएको शेयर खरीद गर्नु पर्नेछ ।

४) उपनियम (३) बमोजिम शेयरधनीले शेयर खरीद नगरेमा शेयर बिक्री गर्न चाहने शेयरधनीले अन्य कुनै व्यक्तिलाई शेयर बिक्री गर्न सक्नेछ ।

३६. **अग्राधिकार शेयर सम्बन्धि व्यवस्था :-**

यस सम्बन्धी कुनै व्यवस्था गरिएको छैन ।

३७. **शेयर पूँजी थपघट गर्ने कुरा :-**

शेयर पूँजी थप घट गर्ने सम्बन्धमा कम्पनी अध्यादेश, २०६२ मा उल्लिखित प्रावधन अनुरुप हुने छ ।

३८. **कम्पनीको सचिव सम्बन्धि व्यवस्था :-**

कम्पनी सचिव सम्बन्धी कुनै व्यवस्था गरिएको छैन ।

३९. **संचालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धि व्यवस्था :-**

१) संचालकको पारिश्रमिक, बैठक भत्ता, दैनिक भत्ता तथा अन्य सुविधा साधारण सभाले तोके बमोजिम हेनछ ।

२) उपनियम (१) बमोजिम पहिलो साधारण सभा नभएसम्म त्यस्तो पारिश्रमिक, बैठक भत्ता, दैनिक भत्ता तथा अन्य सुविधा संचालक समितिले आफै तोक्न सक्नेछ ।

तर एक पटक तोकिएको पारिश्रमिक, भत्ता तथा सुविधा साधारण सभा नवसेसम्मका लागि परिवर्तन गर्न सकिने छैन ।

४०. **लेखापरीक्षकको नियुक्ति :-**

कम्पनीको हिसाबको लेखा परिक्षण गर्नका लागि लेखा परिक्षक नियुक्त गर्ने र पारिश्रमिक तोक्ने काम साधारण सभाबाट हुनेछ । कम्पनीको प्रथम वार्षिक साधारण सभा नभए सम्म लेखा परिक्षकको नियुक्ति र पारिश्रमिक तोक्ने काम संचालक समितिले गर्नेछ ।

४१. **कम्पनीको लेखा, हिसावकिताव र लेखापरीक्षण :-**

१) यस कम्पनीको हिसावकिताव र लेखा कम्पनी अध्यादेश, २०६२ मा उल्लेख भए बमोजिमको लेखा मापदण्ड अनुरुप तयार गरिनेछ ।

२) कम्पनीले राख्नुपर्ने हिसाव किताब प्रतिदिनको स्पष्ट देखिने गरी अदावधिक रुपमा राख्नुपर्नेछ ।

३) कम्पनीले आफ्नो सम्पूर्ण आर्थिक कारोवार कुनै बैंक वा वित्तीय संस्थामा खाता खोली संचालन गर्नु पर्नेछ ।

तर बीस हजार रुपैयाँसम्म नगद बुझिलिंदा वा भुक्तानी दिनपर्दा कम्पनीको सानो कोषबाट लिन वा दिनसकिने छ ।

४) यस कम्पनीले आफ्नो हिसाव किताब लेखापरीक्षण गराउनेछ ।

५) वार्षिक साधारण सभाले अध्यादेशको दफा ११२ बमोजिम अयोग्य नभएको व्यक्तिलाई लेखापरीक्षक नियुक्त गर्नेछ ।

६) उपनियम (५) बमोजिम नियुक्त लेखापरीक्षकले कम्पनी अध्यादेश, २०६२ मा व्यवस्था भए अनुरुप आफूले लेखा परीक्षण गरेको हिसावकिताब र लेखाबाट कम्पनीको वासलात, नाफानोक्सानी हिसाव एवं नगद प्रवाह विवरण प्रमाणित गरी आफूलाई नियुक्त गर्ने अधिकारीलाई सम्वोधन गरी आफ्नो प्रतिवेदन कार्यालयलाई र कम्पनीलाई दिनेछ । त्यस्तो प्रतिवेदनको प्रतिलिपी प्रत्येक शेयरवाला र कार्यालयलाई पठाइनेछ ।

७) कम्पनीको अद्यावधिक हिसाव किताव कुनै शेयरवालाले हेर्न चाहेमा यथाशीघ्र हेर्न दिनुपर्नेछ ।

४२. **लाभांश सम्बन्धि व्यवस्था :-**

१) लाभांश विंवतरण गर्ने निर्णय भएको पैतालीस दिनभित्र लाभांश वितरण गर्नु पर्नेछ ।

२) उपनियंम (१) बमोजिम लाभांश वितरण नगरेमा दश प्रतिशतको दरले लाभांशको व्याज समेत दिनुपर्नेछ ।

३) अन्तरिम लाभांश वितरण गर्न सकिने छ, यसरी अन्तरिम लाभांस वितरण गर्दा संचालक समितिले वितरण गर्ने निर्णय गरेको लाभांशको ५०% सम्म मात्र दिइनेछ ।

४) अन्तरिम लाभांश वितरण गर्दा कम्पनी अध्यादेशको दफा १८२ को अधिनमा रही गर्नु पर्नेछ ।

५) यस नियमावलीमा अन्य जुनसुकै कुरा लेखिएको भएतापनि कम्पनीले शेयर वापत माग गरेको रकम चुक्ता नगर्ने शेयरधनीलाई सो हदसम्म निजको लाभांश रोक्का राख्न सक्नेछ ।

४३. **कम्पनी गाभिने कुरा :-**

यस कम्पनीमा कुनै अर्को कम्पनीलाई वा यस कम्पनीलाई कुनै अर्को कम्पनीमा गाभ्न आवश्यक भएमा कम्पनीको साधारण सभाले विशेष प्रस्ताव पारित गरी कम्पनी अध्यादेश, २०६२ को दफा १७७ बमोजिमको प्रक्रिया पूरा गरी अर्को कम्पनीलाई गाभ्न वा आफू अर्को कम्पनीमा गाभिन सक्नेछ ।

४४. **कुनै खास व्यवसाय गर्ने कम्पनीको नियमावलीमा खुलाउनु पर्ने भनी प्रचलित कानूनमा कुनै व्यवस्था गरिएको भए त्यस्तो कुरा :-**

## ४५. शेयर तथा डिबेन्चर दर्ता किताबको निरीक्षण :-

कम्पनीको शेयरवाला तथा डिबेन्चरवालाले शेयर वा डिवेन्चर दर्ता किताब निरीक्षण गर्न चाहेमा कम्पनीले निरीक्षण गर्न दिनु पर्नेछ ।

तर कम्पनीले आफ्नो सूचना पाटीमा ७ दिन अगावै सूचना टाँस गरी एक वर्षमा पैतालीस दिनमा नबढाई एक पटकमा बढीमा तीस दिनसम्म दर्ता कितावको निरीक्षण वन्द गर्न सक्नेछ ।

## ४६. प्रतिलिपि दस्तुर सम्बन्धि व्यवस्था :-

१) कम्पनीले कम्पनीको प्रवन्धपत्र, नियमावली, वार्षिक हिसाव, लेखापरीक्षण प्रतिवेदन, संचालकको लगत, शेयरवालाको दर्ता किताव, दर्ता प्रमाणपत्र वा कंम्पनीले कार्यालयमा पेश गरेको कुनै लिखितको प्रतिलिपि कुनै शेयरधनी वा अरु कुनै सरोकारवालाले माग गरेमा रु. ५०/- दस्तुर लिई प्रतिलिपि दिइनेछ ।

२) कुनै शेयरधनी वा सरोकारवालाले शेयरवालाको दर्ता कितावको प्रतिलिपि लिन चाहेमा नियम ४५ बमोजिम निरीक्षण वन्द गरिएको अवस्थामा बाहेक प्रति पृष्ठ रु. ५०/- लिई प्रतिलिपि दिइनेछ ।

३) कम्पनीले दिएको शेयर प्रमाणपत्र हराएमा, च्यातिएमा वा अन्य कुनै प्रकारले काम नलाग्ने भई कुनै शेयरधनीले आफूले पाएको शेयर प्रमाणपत्रको प्रतिलिपि माग गरेमा रु. १००/- दस्तुर लिई सो को प्रतिलिपि दिइनेछ ।

## ४७. शेयर वा डिबेन्चर दाखिल खारेज हुने :-

१) कुनै शेयरधनी वा डिवेञ्चरवाला मरी वा निजले आफ्नो जायजेथा साहुलाई दामासाही गराई वा अरु कुनै व्यहोराले निजको शेयर वा डिवेञ्चरमा जसको हक हुन आउने हो निजले रु. ५०/- दस्तुर सहित कम्पनीमा निवेदन दिनुपर्नेछ ।

२) उपनियम (१) बमोजिम कम्पनीमा निवेदन पर्न आएमा कम्पनीले सो कुराको जाँचबुझ गरी त्यस्तो शेयर वा डिवेञ्चर निजको नाममा हस्तान्तरण गरिदिनेछ ।

## ४८. आफ्नो कारोवारमा छाप प्रयोग गर्ने भए कम्पनीको छापको प्रयोग :-

१) कम्पनीको छाप प्रबन्ध संचालक वा निजले तोकेको व्यक्ति/कर्मचारीको जिम्मामा रहने छ ।

२) कम्पनीको छाप अनाधिकृत रुपमा प्रयोग गरी कम्पनीलाई कुनै दायित्व श्रृजना भएमा सो छाप जिम्मा लिने व्यक्तिबाट त्यस्तो दायित्व वापत सृजना हुने रकम कम्पनीले असुल उपर गर्न सक्नेछ ।

**४९. कम्पनीको स्वेच्छिक खारेजी :-**

१) कम्पनीको साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरी कम्पनी स्वेच्छिक खारेज गर्न सक्नेछ ।

२) उपनियम (१) बमोजिम खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामका लागि एक वा एकभन्दा बढी लिक्विडेटर तथा लेखा परीक्षकको नियुक्ति गर्नेछ । त्यसरी नियुक्त भएका लिक्विडेटर तथा लेखा परीक्षकको पारिश्रमिक साधारण सभाले तोकिदिए बमोजिम हुनेछ ।

३) उपनियम (२) बमोजिम नियुक्त लिक्विडेटर तथा लेखापरीक्षकले कम्पनी अध्यादेश, २०६२ मा व्यवस्था भएअनुरुप कम्पनी खारेजी सम्बन्धि काम कारवाही गर्नेछन् ।

**५०. नियमावली बाझिएको हदसम्म निष्कृय हुने :-**

यस नियमावलीका दफाहरु कम्पनी अध्यादेश, २०६२ र प्रचलित कानून सँग बाझिएमा त्यस्ता दफाहरु बाझिएको हदसम्म निष्कृय हुनेछन् ।

**५१. नियमावलीमा संशोधन भएमा लागू हुने अवस्था :-**

यस नियमावलीमा कम्पनीले कुनै संशोधन गर्नु पर्ने भएमा कम्पनी अध्यादेशको दफा ८३ बमोजिम प्रस्ताव पारित गरी सो प्रस्ताव कार्यालयबाट अभिलेख भएपछि मात्र नियमावली संशोधन भएको मानिनेछ ।

**५२. अन्य आवश्यक कुराहरु :-**

**५३. संस्थापकहरुले तत्काल लिन कवुल गरेको शेयर संख्या :-**

हामी **"सिद्धार्थ बहुमुखी क्याम्पस प्रा.लि."** का संस्थापकहरुले देहाय बमोजिमको संख्यामा शेयर लिन कवुल गरी देहायका साक्षीको रोहवरमा यस नियमावलीमा सहीछाप गरेका छौं ।

| संस्थापकको नाम, ठेगाना र सहीछाप | बाबुको नाम | बाजेको नाम | लिन कवुल गरेको शेयर संख्या | साक्षीको नाम, ठेगाना र सहिछाप |
|---|---|---|---|---|
| १. नाम :- राजेन्द्र सिंह राणा<br>ठेगाना :- का.जि.का.म.न.पा.<br>वडा नं. - १६, बालाजु<br>दा. वा. | मोहन सिंह राणा | प्रताप सिंह राणा | ५००० | नाम :- मन बहादुर अर्याल<br>ठेगाना:- सातेपा -४ काभ्रे<br>सहिछाप :- |

| | | | | |
|---|---|---|---|---|
| २. नाम :- समिता राणा पालक<br>ठेगाना :- पोखरा उ.म.न.पा. वडा नं. ३, कास्की<br>द. वा. | कृष्णराम पालक | चुडामान पालक | ५००० | नाम :- [illegible]<br>ठेगाना :- [illegible]<br>सहिछाप :- [illegible] |
| ३. नाम :- सुनिल पालक<br>ठेगाना :- पोखरा उ.म.न.पा. वडा नं. ३, कास्की<br>द. वा. | कृष्णराम पालक | चुडामान पालक | ५००० | नाम :- अन्जु कार्की<br>ठेगाना :- [illegible]<br>सहिछाप :- अन्जु कार्की |

यस नियमावलीमा लेखिएको कुराहरु कम्पनी ऐन २०६३ लगायत अन्य प्रचलित नेपालको कानूनसंग बाझिएको हदसम्म अमान्य हुनेछ र यस नियमावलीमा नपरेका कुराहरुको हकमा कम्पनी अध्यादेश बमोजिम हुनेछ ।

**५४. कम्पनीका संस्थापकको उद्घोषण :-**

यस नियमावलीमा लेखिएको हाम्रो नाम, ठेगाना, हस्ताक्षर, हामीले लिन कबूल गरेको शेयर र साक्षी सम्बन्धित व्यहोरा लगायत अन्य सम्पूर्ण व्यहोराहरु ठीक साँचो छ । उल्लिखित व्यहोराको आधारमा कम्पनी दर्ता भएपछि सृजना हुने सम्पूर्ण दायित्व व्यहोर्न हाम्रो मञ्जुरी छ । यस दफा अनुसार हामीले गरेको उद्घोषण गलत ठहरिन गएमा प्रचलित कानून बमोजिम हुने दण्ड सजाय समेत भोग्न हाम्रो मञ्जुरी छ भनी हामीले यो उद्घोषण गरेका छौं ।

१. संस्थापकको नाम, थर :- राजेन्द्र सिंह राणा
हस्ताक्षर :-
ल्याप्चे सही छाप :-

२. संस्थापकको नाम, थर :- समिता राणा पालक
हस्ताक्षर :-
ल्याप्चे सही छाप

३. संस्थापकको नाम, थर :- सुनिल पालक
हस्ताक्षर :-
ल्याप्चे सही छाप

०६३।१२।१९
शाखा अधिकृत